# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


## दक्षिणकाली नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं ।

३ नं. प्रदेश, नेपाल

**दक्षिणकाली नगरपालिका क्षेत्रभित्र ढुंगा, गिट्टी, ग्राभेल, रोडा, वालुवा र माटो लगायतको प्राकृतिक स्रोतहरुको विक्री / संकलन कर असुल गर्ने सम्वन्धमा वोलपत्र आह्वानको सार्वजनिक सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः-२०७६/०४/११**

यस दक्षिणकाली नगरपालिकाबाट आर्थिक वर्ष २०७६/७७ को लागी स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (घ) को ६ मा व्यवस्था भए वमोजिम यस दक्षिणकाली नगरपालिकाको कार्यालय फर्पिङको क्षेत्राधिकार भित्र पर्ने गरी ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र रोडाको बिक्रीकर संकलन गर्न **चौथौं नगरसभाबाट** पारित दररेटमा तपशिल वमोजिमको खानी तथा स्थानहरुबाट तोकिएको परिणाममा विक्रीकर संकलन सम्वन्धि ठेक्का वन्दोवस्त गर्नुपरेकोले बोलपत्र दाताको नविकरण भएको दर्ता प्रमाणपत्र, कारवाही वा कालोसुचीमा नपरेको स्वघोषणा, मूल्य अभिवृद्दि कर तथा २०७४/७५ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि पेश गरी ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको शिलबन्दी बोलपत्रमा भाग लिनका लागी ३० दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | आ.व.०७६/७७ को लागी न्यूनतम ठेक्का रकम(भ्याट वाहेक) | वोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | ०३-०१-०७६/७७ | दक्षिणकाली नगर क्षेत्र (साविक चाल्नाखेल, सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कु, र छैमले गा.वि.स)भित्र ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र माटो लगायतका प्राकृतिक स्रोत संकलन तथा विक्री शुल्क उठाउने कार्य | रु.३,६०,००,०००/- (तिन करोड साठी लाख मात्र ) | रु.५०००/- | कवोल अंकको ५ प्रतिशत |

दररेटहरु

| क्र.सं | विवरण | ईकाई | संकलन तथा विक्री शुल्क (कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, ग्राभेल, रोडा, वालुवा, दहत्तर-वहत्तर, घाटगद्दी तथा विक्री (स्वीकृत खानी) | प्रति घन फिट | रु.८/- | |
| २ | माटो घाटगद्दी एवम विक्री(स्वीकृत खानी) | प्रति घन फिट | रु.४/- | |


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

शर्तहरु

(१) वोलपत्र खरिद अवधि:-२०७६/०५/०८ गते कार्यालय समय भित्र ।

(२) वोलपत्र वुझाउने मिति:-२०७६/०५/०९ गते दिउँसो १२.०० वजे सम्म ।

(३) वोलपत्र खोलिने मिति र समय:-२०७६/०५/०९ दिउँसो २.०० वजे ।

(४) वोलपत्र खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । वोलपत्र खरिद तथा पेश गर्न वोलपत्र दाता फर्मको प्रोपाइटर स्वयम आफै उपस्थित हुनुपर्नेछ । उक्त कार्य गर्न आफै उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ ।

(५) वोलपत्र फारम साथ धरौटी वापत( भ्याट वाहेक) कवोल अंकको ५ प्रतिशत हुँन आउने रकम यस कार्यालयको धरौटी खाता नं. १२००३०३००७१०२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको वोलपत्र जमानत (विड वण्ड) पेश गर्नुपर्नेछ ।

(६) वोलपत्र दाताले खामको वाहिर पट्टी ठेक्काको नाम, ठेगाना, सम्पर्क नं. र दक्षिणकाली नगरपालिकाको कार्यालय फर्पिङ भन्नेर स्पष्टसंग लेख्नु पर्नेछ तथा वोलपत्रसाथ पेश भएका सम्पूर्ण कागजातहरु ठेकेदारबाट प्रमाणित हुनुपर्नेछ ।

(७) आफुले कवोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

(८) वोलपत्र दिदा कुनै प्रकारको शर्त मान्य हुने छैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइनेछैन ।

(९) ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०७७ असार मसान्तसम्म रहनेछ र सो अवधिलाई पुरै एक आर्थिक वर्ष मानि गणना गरिनेछ ।

(१०) ठेक्का स्वीकृत गरी सम्झौता गर्ने समयमा भ्याट वाहेक स्वीकृत गरेको रकम एकमुष्ट रकमको २०७७/०६/३० गते सम्मको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको वैंक जमानत (विड विण्ड) पेश गर्नु पर्नेछ ।

(११) ठेक्कामा कवोल गरेको रकम अग्रिम रुपमा एकमुष्ट भूक्तान गरेमा सो कवोल अंकमा १० प्रतिशत छुट दिइने छ ।

(१२) ठेक्का रकम एकमुष्ठ भूक्तान गर्न नसक्ने ठेकेदारले ३ किस्ता गरेर सो कवोल रकम र भ्याट रकम भूक्तान गर्न सकिनेछ । यसरी भूक्तान गर्दा पहिलो किस्ता सम्झौता गर्दा, दोस्रो किस्ता पौष मसान्त भित्र र अन्तिम किस्ता चैत्र मसान्त भित्र भ्याट सहित वुझाइसक्नु पर्नेछ ।

(१३) ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु ठेकेदार स्वयमले व्यहोर्नु पर्दछ ।

(१४) कारोवार गर्दा वालश्रमिक प्रयोग गर्न तथा वातावरणमा प्रतिकुल असर पार्ने प्रविधि अपनाउन पाइने छैन ।

(१५) वोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसंग सम्झौता गरि सक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

(१६) ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाइने छैन ।

(१७) म्याद नाघी वा रित नपुगी प्राप्त भएको वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

(१८) ठेकेदारले बन्द, हड्ताल र समय अभावको कारण देखाई छुट तथा मिनाहा दावि गरेमा कार्यालयले छुट दिने छैन ।

(१९) नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु ठेकेदारको कर्तव्य हुँनेछ ।

(२०) कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । विशेष अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न सकिनेछ ।

(२१) यस सूचनामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२२) सूचना सम्वन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाईट www.dakshinkalimun.gov.np मा समेत हेर्न सकिनेछ । अन्य वुझ्न परेको खण्डमा यस कार्यालयको सम्पर्क नं. ०१-४७१००२८ मा कार्यालय समय भित्र जानकारी लिन सकिनेछ ।

.........................................

(घनश्याम न्यौपाने)

प्रमुख प्रशासकिय अधिकृत